## बालविवाह न्यूनीकरण अभियानको दीगोपनका लागि

# बालविवाह मुक्त क्षेत्र घोषणा पश्चातको रणनीतिक योजना

# २०८०

**खडक नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कल्याणपुर, सप्तरी**

# खडक नगरपालिका
## कल्याणपुर, सप्तरी

## स्थानीय राजपत्र
## खडक नगरपालिका कल्याणपुर, सप्तरीद्वारा प्रकाशित

**खण्ड : १ संख्या : २०८० साल महिना गते ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) ले दिएको अधिकार प्रयोग गरी खडक नगरपालिका क्षेत्र लाई **बालविवाह न्यूनिकरण अभियानको दिगोपनाकालागि बालविवाह मुक्त क्षेत्र घोषणा पश्चातको रणनीतिक योजना २०८०** कार्यान्वयन गर्न नगर कार्यपालिकाको मिति : २०८० साल ......महिना ..... गतेको निर्णयबाट स्वीकृत भए बमोजिम सम्बन्धित निकाय तथा सर्बसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### बालविवाह न्यूनीकरण अभियानको दीगोपनका लागि
### बालविवाह मुक्त क्षेत्र घोषणा पश्चातको रणनीतिक योजना २०८०

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/....../ .... गते ।

खडक नगरपालिकामा बालविवाह न्यूनिकरण अभियानको दिगोपनाकालागि बालविवाह मुक्त क्षेत्र घोषणा पश्चातको रणनीतिक योजना - २०८० निर्माण गरी बाल अधिकारको संरक्षण र प्रबर्धन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) को उपदफा (२) को (१) र खडक नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनले दिएको अधिकार प्रयोग गरी खडक नगरपालिकाले यो निर्देशिका जारी गरेको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** यस निर्देशिकाको नाम “ बालविवाह न्यूनिकरण अभियानको दिगोपनाकालागि बालविवाह मुक्त क्षेत्र घोषणा पश्चातको रणनीतिक योजना २०८०” रहेको छ ।

२. यो निर्देशिका खडक नगरपालिका नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

३. **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:**

(क) **"बालबालिका"** भन्नाले अठार (१८) वर्ष उमेर पूरा नगरेका व्यक्ति लाई सम्झनु पर्छ ।

(ख) **"ऐन"** भन्नाले नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०.... सम्झनु पर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले खडक नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) **"प्रमुख"** भन्नाले नगरपालिकाको "नगर प्रमुख" सम्झनु पर्छ ।

(ङ) **"उप प्रमुख"** भन्नाले खडक नगरपालिकाको " नगर उप प्रमुख" सम्झनु पर्छ ।

(च) **"कार्यपालिका सदस्य"** भन्नाले खडक नगरपालिकाको सदस्यलाई सम्झनु पर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले खडक नगरपालिकाको प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) **"पीडित"** भन्नाले बालविवाह भएका वा हुन सक्ने जोखिममा रहेका व्यक्ति सम्झनु पर्दछ ।

(झ) **"समिति"** भन्नाले यस खडक नगरपालिकाको कार्यविधि अनुसार गठन भएको समिति सम्झनु पर्छ ।

(ञ) **"बालविवाह"** भन्नाले नेपालको प्रचलित कानुन बमोजिम तोकिएको उमेर भन्दा अगाडि गरिने सबै विवाहलाई सम्झनु पर्छ ।

(ट) **"वडा अध्यक्ष"** भन्नाले खडक नगरपालिका अन्तरगतका निर्वाचित वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ठ) **"वडा सदस्य"** भन्नाले खडक नगरपालिका अन्तर्गतका वडा समितिका वडा सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ड) **"कार्यपालिका सदस्य"** भन्नाले खडक नगरपालिकाको नगर कार्यपालिकाका सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ढ) **"सामाजिक संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक  गैरा सरकारी संघ संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ ।

(ढ) **"निजी संस्था"** भन्नाले कानून बमोजिम दर्ता भई स्थापना भएको नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य फर्म वा कम्पनी समेतलाई जनाउँछ ।

## परिच्छेद - २

## बालविवाह मुक्त क्षेत्र घोषणा पश्चातको रणनीतिक योजनाको औचित्य

१ खडक नगरपालिका बालविवाहमुक्त क्षेत्र घोषणा भइसकेको अवस्थालाई दीर्घकालसम्म दीगो बनाउन आधारभूत रुपमा योगदान गर्नका लागि यस रणनीति योजनाको महत्वपूर्ण भुमिका तथा योगदान रहने छ ।

२. खडक नगरपालिकाको बालविवाह, हिंसामुक्त तथा बालमैत्री नगर बनाउने अभियानमा टेवा पुग्नेछ ।

३. सन् २०३० सम्म बालविवाह अन्त्यका गर्ने राष्ट्रिय रणनीतिको लक्ष्य तथा राष्ट्रिय, अन्तराष्ट्रिय र क्षेत्रीय रुपमा गरेका प्रतिवद्धता पूरा गर्नका लागि बालविवाहको अन्त्य गर्नुपर्ने दायित्व रहेको छ ।

४. बालविवाह अन्त्य गर्ने र बालविवाहको कारणबाट विभिन्न जोखिम र हिंसामा परेका विवाहित र अविवाहित बालबालिका र किशोरकिशोरीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई जीवनमा सकारात्मक परिवर्तन ल्याउनका साथै स्थानीय तहको विकासमा उनीहरुको समान सहभागितालाई सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।

५. नगरपालिकाको आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बालविवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताकासाथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु आवश्यक छ ।

६. बाल विवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन सहयोग पुग्नेछ ।

७. बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गरिनेछ ।

## परिच्छेद - ३

## रणनीतिहरु:

बालविवाह मुक्त क्षेत्र घोषणा पश्चातको दीगोपनका लागि देहाय बमोजिमका रणनीतिहरु अबलम्वन गरिनेछ :

१. वार्षिक कार्ययोजना निर्माण
२. सूचना व्यवस्थापन तथा अभिलेखन प्रणाली स्थापना
३. बालबालिकाहरुलाई जीवनोपयोगी सीप विकास तालिम तथा क्षमता अभिवृद्धिका लागि वार्षिक बजेट विनियोजन
४. विद्यालयमार्फत बालबालिकाहरुलाई सचेतना अभिवृद्धि
५. समाजमा व्याप्त हानिकारक मूल्यमान्यता तथा सामाजिक व्यवहार परिर्वतनका लागि परिवार र समाजलाई परिचालन
६. सुझाव पेटिकाको व्यवस्था
३. बाल विवाहको अवस्थाबारे निरन्तर अनुगमन

## परिच्छेद - ४

## रणनीतिक कार्यदिशा/क्रियाकलापहरु

बालविवाह अन्त्यका लागि परिवर्तनको सिद्धान्तमा आधारित देहाय बमोजिमका रणनीतिक उपायहरु अवलम्बन गरिनेछन् :

### १. वार्षिक कार्ययोजना निर्माण

१.१ वार्षिक रुपमा बालविवाह विरुद्धका कार्यक्रम, बजेट सहितको वार्षिक कार्ययोजना बनाइ लागू गरिनेछ ।

१.२ सञ्चालित कार्यक्रम, कार्ययोजनाको कार्यान्वयन तथा बालविवाहको अवस्थाबारे अर्धवार्षिक रुपमा समीक्षा गरिनेछ ।

१.३ स्थानीयस्तरमा कार्यरत सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूका कार्यक्रमहरूमा बालविवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गरिनेछ ।

### २. सूचना व्यवस्थापन तथा अभिलेखन प्रणाली स्थापना

२.१ बालविवाह सम्बन्धी सूचना तथा अनुगमन तथा क्षमता अभिवृद्धिमा सहकार्य गरिनेछ ।

२.२ नगरपालिकामा बालविवाह सम्बन्धी जानकारी अद्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढिकरण गरिनेछ ।

२.३ विभिन्न सूचना तथा सञ्चार माध्यमबाट नियमित रुपमा बालविवाह विरुद्ध बालबालिका तथा किशोरकिशोरीहरुले जानकारी पाउने व्यवस्था गरिनेछ ।

## ३. बालबालिकाहरुलाई जीवनोपयोगी सीप विकास तालिम तथा क्षमता अभिवृद्धिका लागि वार्षिक बजेट विनियोजन

३.१ विद्यालय बाहिरका किशोर किशोरीहरुका लागि व्यवसाय, उद्यम सुरु गर्न सशर्त आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

३.२ युवा महिलाहरुका लागि उद्यमशीलता तालिम प्रदान गरिनेछ ।

३.३ युवा महिलाहरुका लागि व्यवसाय,उद्यम सुरु गर्न शसर्त आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

## ४. विद्यालय मार्फत बालबालिकाहरुलाई सचेतना अभिवृद्धि

४.१ विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, बाल क्लब, सुविधायुक्त र सुरक्षित शौचालय, सेनेटरी प्याड लगायतका सुविधा उपलब्ध भएको हुनेछ ।

४.२ बालिकाहरूलाई अध्ययन छोड्न बाध्यपार्ने परम्परागत हानिकारक अभ्यासहरूको विरुद्ध जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

४.३ छात्रा र शिक्षिका दुवैका लागि विद्यालयको वातावरण एवम् पूर्वाधार सुरक्षित, सफा र लैङ्गिकमैत्री भएको सुनिश्चित गरिनेछ ।

४.४ विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई अनौपचारिक शिक्षा मार्फत सशक्तिकरण गरी सूचना पहुँचको सुनिश्चितता हुनेछ ।

## ५. समाजमा व्याप्त हानिकारक मूल्यमान्यता तथा सामाजिक व्यवहार परिर्वतनका लागि परिवार र समाजलाई परिचालन

५.१ समुदायमा रहेका विभिन्न अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह, स्वयंसेविका लगायत सामाजिक अगुवाहरूको सहभागितामा बालविवाह विरुद्धको अभियान सञ्चालन गर्ने ।

५.२ असल अभिभावकत्व सम्बन्धी ज्ञानसीपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता संवादको माध्यमबाट बालविवाह निषेध गर्न प्रोत्साहन गर्ने ।

५.३ सामाजिक सञ्जालहरुमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामीझाक्रीको सहभागिता सुनिश्चित गरी बालविवाहका विरुद्धमा परिचालन गर्ने ।

५.३ छोरा र छोरीबीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरुत्साहन गरी बालविवाह विरुद्धका विषय स्थानीय विकास तथा सामाजिक मूल्यको विषयको रुपमा स्वीकार गरी बालविवाह मुक्त स्थानीय निकायको अभियान सञ्चालन गर्ने ।

५.४ गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै दाइजा दाइजो लेनदेन नगर्ने तथा बालविवाह नगर्ने,

नगराउने अनुकरणीय व्यक्ति, परिवार, र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने ।

५.५ बालविवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जाल मार्फत प्रसारण गरी बालविवाह अन्त्यको अभियानलाई सशक्त बनाउने ।

५.६ बालविवाह अन्त्य गर्न सकारात्मक भूमिका निर्वाह गर्ने किशोर किशोरी, शिक्षक, स्वास्थ्यकर्मी, पण्डित, पुरोहित, मौलानालाई सम्मान गर्ने तथा गलत प्रथा, लैङ्गिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रवर्धन र क्षमतामा अभिवृद्धि गर्ने ।

## ६. सुझाव पेटिकाको व्यवस्था

६.१ बालविवाह मुक्त क्षेत्र घोषणा पछिको अवस्था तथा अन्य विषयमा आफ्नो सुझाव, गुनासो र उजुरी संकलनका लागि सबै विद्यालय र वडातहमा सुझाव पेटिकाको व्यवस्था गरी नियमित सुनुवाइको संयन्त्र सञ्चालनमा ल्याइनेछ ।

## ७. बाल विवाहको अवस्थाबारे निरन्तर अनुगमन

७.१ बालविवाहको अवस्थाबारे अनुगमन गर्न सम्बन्धित सबै सरोकारवालाहरुको प्रतिनिधित्व हुनेगरी पालिका तहमा कार्यान्वयन, समन्वय तथा अनुगमन समिति र वडास्तरीय कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समिति निर्माण गरी नियमित अनुगमन तथा मूल्यांकन गरिनेछ ।

# परिच्छेद - ५

## अनुगमन, मूल्याङ्कन तथा अभिलेखिकरण

यस रणनीतिक योजनाका प्रत्येक रणनीतिक उद्देश्यहरु अन्तर्गतका अपेक्षित नतिजाहरुका आधारमा अनुगमनका सूचकहरु तय गरिएका छन् । यी सूचकहरुले प्रत्येक क्रियाकलाप तथा अपेक्षित नतिजालाई प्राप्तिको स्थिति अनुगमनमा सहयोग पुऱ्याउँदछन् । त्यसैगरी प्रत्येक वर्ष गरिने समग्र अनुगमन कार्यको नतिजाको आधारमा यस रणनीतिक योजनाका क्रियाकलापहरुलाई परिमार्जित गरिनेछ । साथै यस रणनीतिक योजनामा बालविवाहको अवस्थाबारे अनुगमन गर्न सम्बन्धित सबै सरोकारवालाहरुको प्रतिनिधित्व हुनेगरी देहायअनुसारको संयन्त्र निर्माण गरिनेछ ।

क) स्थानीय कार्यान्वयन, समन्वय तथा अनुगमन समिति

ख) वडास्तरीय कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समिति

**(क) स्थानीय कार्यान्वयन, समन्वय तथा अनुगमन समितिमा देहायका निकाय तथा संस्थाहरुको प्रतिनिधित्व रहनेछ :**

१. संयोजक – नगर उपप्रमुख (नगरपालिका)
२. सदस्य – कार्यपालिका सदस्यहरु २ जना
३. सदस्य – प्रमुख, महिला तथा बालबालिका तथा जेष्ठ नागरिक शाखा
४. सदस्य – प्रमुख, शिक्षा, युवा तथा खेलकद् शाखा
५. सदस्य – प्रमुख, स्वास्थ्य शाखा
६. सदस्य – प्र.अ., नगर प्रमुखले तोकेको सामुदायिक विद्यालय मध्येबाट १ जना
७. सदस्य – अध्यक्ष, नगरप्रमुखले तोकेको विद्यालय व्यवस्थापन समितिबाट १ जना
८. सदस्य – प्रतिनिधि, ईलाका प्रहरी कार्यलय वाट १ जना
९. सदस्य – संयोजक, नगर बालक्लब सञ्जाल १ जना
१०. सदस्य – समितिले मनोनयन गरेका बाल अधिकारकर्मी २ जना
११. सदस्य – स्थानीय स्तरमा कार्यरत गैर सरकारी संस्थाको प्रतिनिधि १ जना
१२. सदस्य – संयोजकद्वारा मनोनित १ जना (कानून व्यवसायी)
१३. सदस्य – सचिव – प्रमुख प्रशासकीय अधिकृत

**स्थानीय कार्यान्वयन, समन्वय र अनुगमन समितिको काम, कर्तव्य र अधिकार :**

**१. स्थानीय पालिकास्तरको कार्यान्वयन, समन्वय र अनुगमन र मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

क) रणनीतिक कार्ययोजनामा रहेका सामाजिक व्यवहार परिवर्तन सहितका बालविवाह विरुद्धका कार्यक्रमहरुलाई पालिकाको वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न पहल गर्ने ।

ख) बालविवाह विरुद्धका कार्यक्रमलाई समूदाय तहसम्म सञ्चालन गरी यस विरुद्धमा जागरण ल्याउन आवश्यक सहजीकरण गर्ने ।

ग) बालविवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण सहित नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

२) समितिको बैठक कम्तिमा २ महिनामा एक पटक बस्नेछ ।

३) समितिको वैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ एवम् संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

४) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**ख) वडातहको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिमा देहायका निकाय तथा संस्थाहरुको प्रतिनिधित्व रहनेछः**

१. संयोजक – वडाअध्यक्ष
२. सदस्य – २ जना वडा सदस्यहरु (एकजना महिला सदस्य)
३. सदस्य – प्रहरी प्रतिनिधि
४. सदस्य – स्वास्थ्य प्रतिनिधि
५. सदस्य – वडाध्यक्षले तोकेको प्र.अ./शिक्षक १ जना
६. सदस्य – वडाध्यक्षले तोकेको वि.व्य.स. अध्यक्ष वा प्रतिनिधि १ जना
७. सदस्य – सचिव – वडा सचिव

## परिच्छेद - ६

## कार्यान्वयनको समयावधि

यस रणनीतिक योजनाको कार्यान्वयन अवधि वि.सं. २०८०/८१ देखि २०८४/२०८५ सम्म पाँच (५) वर्षको रहनेछ । योजना अवधिमा खडक नगरपालिका बालविवाह मुक्त क्षेत्र कायम रहनेछ । त्यसपछि योजना तथा अवस्थाको लेखाजोखा गरी पुनरावलोकन गरिनेछ ।

## परिच्छेद - ७

## श्रोतको अनुमान तथा परिचालन

यस रणनीतिक योजनाको कार्यान्वयनका लागि प्रत्येक चालू आर्थिक वर्षको शुरुमा सो वर्षको वार्षिक योजना अनुरुपको क्रियाकलापको वास्तविक बजेट तर्जुमा गरिनेछ । यसरी वार्षिक योजना र बजेट तर्जुमा गर्दा सम्बन्धित स्थानीय तह, स्थानीय स्तरमा कार्यरत संयुक्त राष्ट्रसंघीय निकाय, दुईपक्षीय तथा बहुपक्षीय सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुको प्रतिनिधिहरुलाई आमन्त्रण गरी ती निकाय तथा संस्थाहरुको तर्फबाट गरिने क्रियाकलापहरुलाई समेत यस रणनीतिक योजना मार्फत मूलप्रवाहीकरण गरिनेछ ।

साथै यस रणनीतिक योजनाको समग्र पाँच वर्षको योजना तथा बजेटको अनुमानित बजेट तर्जुमा गरिनेछ । प्रत्येक वर्षको अनुमानित बजेटलाई हरेक वर्ष अनुगमन गरी विस्तृत योजना तथा बजेट तर्जुमा गरिनेछ ।

## परिच्छेद - ८

## ८. जिम्मेवार निकाय र भूमिका

बालविवाह मुक्त क्षेत्र घोषणाको दीगोपनका लागि यो रणनीतिक योजना कार्यान्वयनका गर्न सम्बन्धित निकाय र ती निकायहरुको भूमिका देहाय अनुसार उल्लेख गरिएको छ ।

## ८.१ नगरपालिका

(क) बालविवाह अन्त्य सम्बन्धी नीति नियमको आवश्यक परिमार्जन गरी कार्यान्वयनलाई निरन्तरता दिने,

(ख) बालविवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन सहितका कार्यक्रमलाई प्राथमिकतामा राखी आवश्यक बजेट व्यवस्था गर्ने,

(ग) किशोर किशोरीलाई जीवन उपयोगी सीप सम्बन्धी कार्यक्रम आयोजना गर्ने,

(घ) सबै जनप्रतिनिधि र सरोकारवालाहरुलाई बालविवाह बिरुद्ध लाग्न अनुरोध गर्ने,

(ङ) नगरपालिकाबाट सञ्चालन हुने विभिन्न सचेतनामूलक कार्यक्रममा बालविवाहले पार्ने असरका बारेमा छलफल चलाउने,

(छ) सबै सरोकारवालाहरुलाई बालविवाह विरुद्ध प्रतिबद्ध तुल्याउने,

## ८.२ अभिभावक

क) आफ्ना बालबालिकालाई माया र सम्मानपूर्ण वातावरणमा हुर्काउने,

ख) बालबालिकाको शिक्षामा पूर्ण रूपमा सहयोग गर्ने र उनीहरुलाई नैतिकवान हुन उत्प्रेरणा प्रदान गर्ने,

ग) बालविवाह विरुद्ध परिवारमा छलफल चलाउने साथै आफ्ना छोरा/छोरीको विवाह बीस वर्ष पारी गर्ने र अरूलाई पनि बीस बर्ष पुगिसकेपछि मात्र छोराछोरीको विवाह गर्न प्रेरित गर्ने ।

## ८.३ बालबालिका, बालक्लब तथा बालक्लब सञ्जाल

(क) अभिभावकलाई बालविवाह विरुद्धका कार्यक्रममा सहभागी गराउने,

(ख) बालविवाह विरुद्ध सडक नाटक, ऱ्याली, गोष्ठी, वक्तृत्वकला, वादविवाद जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ग) बालक्लब, बालक्लब सञ्जाल तथा साथीहरु बीच बालविवाह अन्त्य सम्बन्धी छलफल चलाउने,

(घ) बालक्लब तथा बालक्लब सञ्जालले विद्यालय तथा समुदायमा बालविवाहले पार्ने नकारात्मक असर बारेमा जनचेतनामूलक अभियान चलाउने,

(ङ) बालविवाह हुन लागेको थाहा पाएमा सम्बन्धित निकायमा खबर गर्ने ,

(च) आफूले पनि बालविवाह नगर्ने र अरुको पनि बालविवाह हुन नदिने,

(छ) विद्यालय बाहिर रहेका बालबालिका तथा साथीहरुलाई विद्यालय भर्ना गर्नमा सहयोग गर्ने ।

## ८.४. विभिन्न समुदायमा आधारित संस्थाहरु तथा गैरसरकारी संस्थाहरु

(क) बालक्लब तथा बालक्लब सञ्जाल गठन गरी बालविवाह अन्त्यका लागि हानिकारक सामाजिक व्यवहार परिवर्तन लगायतका अभियान चलाउनमा सहजीकरण गर्ने,

(ख) अभिभावक, परिवार र समुदायमा बालविवाह अन्त्यका लागि सचेतनामूलक कार्यक्रमको आयोजना गर्ने,

(ग) बालविवाह रोक्नको लागि स्थानीय तह, बाल हेल्पलाइन नं. १०९८ र प्रहरीमा जानकारी गराउने र त्यस्तो अभियानमा सहयोग गर्ने,

(घ) बालविवाह गर्ने वा गराउनेलाई खबरदारी गर्न बालविवाह न्यूनीकरण समिति गठन गर्ने,

(ङ) बालमैत्री स्थानीय शासन पद्धतिको स्थापना र प्रवर्द्धनका लागि बालमैत्री रणनीतिक कार्ययोजना बनाउन मद्दत गर्ने,

(च) बालविवाह अन्त्यका लागि नगरपालिकसँगको सहकार्य, सहयोग र समन्वयमा कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ८.५ कर्मचारी/शिक्षक

(क) बालविवाह विरुद्धका अतिरिक्त कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने र कार्यक्रममा सहयोग गर्ने ।

(ख) बालविवाहले बालबालिकामा पार्ने असरका बारेमा जानकारी गराउने,

(ग) बालविवाहमा सरिक नहुने र अरुलाई पनि सरिक नहुन अनुरोध गर्ने,

(घ) बालविवाह भएको जानकारी पाएमा कानूनी कारवाहीको दायरामा ल्याउन पहल गर्ने र सम्बन्धित निकायमा सूचना दिने ।

(ङ) जीवनउपयोगी सीप सम्बन्धी कक्षा सञ्चालन गर्ने ।

(च) बालविवाह गर्न अग्रसर अभिभावकहरुलाई सम्झाउने र आवश्यकता अनुसार सम्बन्धित निकायमा सूचना दिने ।

## ८.६ नागरिक समाज

(क) बालविवाहमा सहभागी नहुने र अरूलाई पनि सहभागी नहुन अनुरोध गर्ने,

(ख) समुदायमा बालविवाह हुन नदिने,

(ग) बालविवाह गराउने परिवारको सदस्यलाई संस्थागत सहभागिता नगराउने,

(घ) बालविवाह हुन लागेमा नजिकैको प्रहरी तथा बाल हेल्पलाइन १०९८ मा खबर गर्ने ।

## ८.७ आमा समूह, बाल संरक्षण समिति/सञ्जाल

(क) घर परिवार, आमा समूहका प्रत्येक सदस्यलाई बालविवाहले गर्ने असरका बारेमा जानकारी दिँदै चेतना अभिवृद्धि गर्ने,

(ख) बालमैत्री स्थानीय शासन र यसका सूचकका बारेमा चेतना अभिवृद्धि गर्ने,

(ग) परम्परादेखि प्रचलनमा आएका हानिकारक सामाजिक व्यवहार, मूल्य र मान्यताका साथै संस्कारलाई प्रत्येक अभिभावक, आमा समूह, बालक्लब सञ्जालहरुको सहकार्यमा विहेबारी २० वर्ष पारी भन्ने सन्देश सहित टोल टोलमा सचेतना कार्यक्रम गर्ने तथा मातृस्वास्थ्य र शिशुको स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रम गर्ने ।

## ८.८ धार्मिक प्रचारक, अगुवाहरू पुरोहित

(क) विवाहको विषयमा छलफल गर्न आउदा अभिभावकसँग विवाह गर्ने व्यक्तिको उमेर सोध्ने र बालविवाह हो भने सो नगर्न अनुरोध गर्ने र नमानेमा स्थानीय तह, प्रहरी, विद्यालय तथा सरोकारवालाहरुलाई सूचना दिने,

(ख) बालविवाह हुने कुनै पनि धार्मिक तथा सांस्कृतिक कार्यक्रममा आफू सहभागी नहुने,

(ग) धार्मिक स्थललाई बालविवाह मुक्त स्थान घोषणा गर्ने,

(घ) जमघट, प्रवचन तथा भेलाहरूमा बालविवाह नगर्न, नगराउन सचेत बनाउने।

## ८.९ प्रहरी/प्रशासन

(क) बालविवाह भएको जानकारी पाउनासाथ रोक्ने र कानूनी दायरामा ल्याउने,

(ख) सामुदायिक प्रहरी सेवा समूह गठन गरी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

## ८.१० युवा समूह/किशोर किशोरी समूह

(क) जीवनउपयोगी शिक्षाको छलफलमा सहभागी हुने,

(ख) साथीहरूलाई पनि प्रोत्साहित गर्ने र छलफलमा सिकेका कुरा दौंतरी तथा परिवारसँग पुनः छलफल गर्ने,

(ग) बालविवाह आफू पनि नगर्ने र अरूलाई पनि नगर्न प्रोत्साहन गर्ने,

(घ) बालविवाह अन्त्यका लागि क्रियाशील रहने ।

## ८.११ विद्यालय, स्वास्थ्य संस्था तथा सेवा प्रदायक संस्थाहरू *(जस्तै: वन, सहकारी, खानेपानी आदि)*

(क) अतिरिक्त क्रियाकलापमा बालविवाह नकारात्मक असर सम्बन्धी विषय समावेश गर्ने,

(ख) बालविवाहको नकारात्मक असरका बारेमा सचेतना अभिवृद्धि गराउने खालका कार्यक्रम आयोजना गर्ने,

(ग) बालविवाह हुन लागेको थाह पाएमा रोक्ने र नजिकैको प्रहरी कार्यालयमा खवर गर्ने ।

## ८.१२ सञ्चार माध्यम

(क) बालसंरक्षणका आचारसंहिता पालना गर्दै बालविवाह विरुद्ध समाचार लेख्ने र प्रचारप्रसारमा प्राथमिकता दिने,

(ख) सञ्चार माध्यमबाट बालविवाह विरुद्ध सरकारी निकायसँग सहकार्य गरी सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरु तयार गरी प्रकाशन र प्रसारण गर्ने,

(ग) बालविवाह सम्बन्धी कानूनी प्रावधान सम्बन्धमा अन्तरवार्ता, लेख, आदि प्रकाशन र प्रसारण गर्ने ।

## ८.१३ राजनीतिक दल

(क) बालविवाह गैरकानूनी कार्य हो भन्ने विषयमा कार्यकर्ता तथा सदस्यलाई प्रशिक्षित गर्ने,

(ख) केटा र केटी दुबैको उमेर २० वर्ष पुगेपछि मात्र विवाह गर्न सल्लाह दिने,

(ग) बालविवाह विरुद्ध हुने चेतनामूलक कार्यक्रममा भाग लिने र त्यसप्रति सार्वजनिक प्रतिबद्धता जनाउने,

(घ) बालविवाह न्यूनीकरणका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ र अन्य प्रचलित कानून कार्यान्वयनका लागि सहयोग गर्ने,

(ङ) चुनावी घोषणापत्रमा बालविवाह विरुद्ध पार्टीको स्पष्ट दृष्टिकोण समेट्ने ।

# परिच्छेद - ९

# बाधा अडकाउ पुकाउने र संसोधन

९.१ यस निर्देशिकामा लेखिएको कुरामा यसै बमोजिम र अन्यथा भएमा प्रचलित कानून बमोजिम हुनेछ ।

९.२ **बाधा अडकाउ फुकाउने अधिकार :** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अडकाउ तथा फुकाउ गर्नु परेमा व्याख्या गर्ने अधिकार खडक नगरपालिका नगर कार्यपालिकालाई हुनेछ ।

९.३ **संशोधन** : यस निर्देशिकामा आवश्यकता अनुसार खडक नगरपालिका र नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

***प्रमाणिकरण मिति : २०८० ..... ... गते ।*** छाप